# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या / Ref. No : २०७९/०८०
चलानी नं. /Dispatch No :

मिति/Date: २०७९/०८/१५

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित: २०७९/०८/१५)**

दोर्दी गाउँपालिकाको लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपुर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | तह | आवेदन दस्तुर: |
|---|---|---|---|---|---|
| १ | ०२/२०७९/८० | कृषि स्नातक | १ | अधिकृत छैठौं | रु १००० |
| २ | ०३/२०७९/८० | एम.आई.एस. अपरेटर | १ | पाँचौं | रु ६०० |

**१. आवश्यक न्यूनतम योग्यता:**

**क) कृषि स्नातक:**

१. कृषि विज्ञानमा कम्तिमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट स्नातक तह उतिर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**ख) एम. आई. एस. अपरेटर**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्यूटर विषय लिई उतीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थान:** दोर्दी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, प्रशासन शाखा ।

**३. दरखास्त दिने अन्तिम मिति:** २०७९/०८/२९ गते कार्यालय समय भित्र ।

**४. छनौट किसिम:** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तरवार्ता ।

**५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु:

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्युनतम शैक्षिक योग्यताको लाब्धाङ्क, चारित्रिक प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएमा सोको लब्धाङ्क ।
- एम.आई.एस. अपरेटरको हकमा प्रविणता प्रमाणपत्र तह वा १०+२ मा कम्प्यूटर बिषय लाई अध्ययन नगर्नेको हकमा कम्प्यूटर तालिमको प्रमाणपत्र ।
- कार्य अनुभव भए सोको प्रमाणपत्र ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।
- शुल्क तिरेको रसिद ।

**६. तलव तथा करार अवधि:** कृषि स्नातक प्राविधिकको हकमा **स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९** बमोजिम र एम. आई. एस. अपरेटर को हकमा **करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम ।

**७. परिक्षा मिति: प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन पश्चात तोकिनेछ ।**

नोट: दरखास्त आवेदन यस कार्यालयको इमेल मार्फत पनि पेश गर्न सकिनेछ । परिक्षामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल कागजातहरु लिएर आउनुपर्नेछ । परिक्षा दस्तुर बापतको रकम यस कार्यालयको बैंक खाता नं **24404010000008** (आन्तरिक राजश्व खाता दोर्दी ) मा जम्मा गरेको भौचर सहित आवश्यक कागजातहरुको प्रतिलिपि यस कार्यालयको इमेल dordigaupalika073@gmail.com मा पेश गर्न सकिनेछ। गाउँपालिकाको वेवसाइट www.dordimun.gov.np मा यसै सूचनाको साथ दरखास्त फारम उपलब्ध छ । महिला, दलित, आदिवासी, मधेशी तथा विपन्न वर्ग र अनुभवीलाई विशेष ग्राहयता दिने छ ।

विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखाको फोन नं ९८६३७७९७६९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

............................
शम्सेर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत




CamScanner